# साइराक्युज सिटी स्कूल डिस्ट्रिक्ट

Jaime Alicea, विद्यालयको सुपरिवेक्षक

**सुपरिवेक्षकको कार्यालय**

मार्च 12, 2020

आदरणीय SCSD परिवारहरू,

साइराक्युज सिटी स्कूल डिस्ट्रिक्टले कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित नवीनतम विकासहरू निरीक्षण गर्न जारी राखेको छ। विद्यार्थी, कर्मचारी र परिवारहरूको स्वास्थ्य तथा सुरक्षा मुख्य प्राथमिकता हो र हाम्रो सम्पूर्ण प्रशासनिक टोलीले हामी तयार रहेको सुनिश्चित गर्नका लागि मेहनतपूर्वक काम गरिरहेको छ।

यस समयमा, ओनोन्डागा काउन्टीमा अझैसम्म पुष्टि गरिएका मामिलाहरू छैनन्। हामी ओनोन्डागा काउन्टी स्वास्थ्य विभाग (Onondaga County Health Department), न्यूयोर्क राज्य स्वास्थ्य विभाग (New York State Health Department, NYSDOH) र रोग नियन्त्रण केन्द्र (Center for Disease Control) (CDC) सँग नियमित रूपमा कुराकानी गरिरहेका छौं र हामी तिनीहरूको मार्गदर्शन पालना गर्न जारी राख्नेछौं।

यो हप्ता, गभर्नर कुओमोले विद्यालयमा काम गरिरहेका कुनै पनि व्यक्तिमा वा विद्यालयमा उपस्थित भइरहेका कुनै पनि विद्यार्थीमा COVID-19 का लागि परीक्षण सकारात्मक देखिएमा विद्यालय प्रारम्भमा 24 घण्टा (समय) का लागि बन्द गरिनुपर्छभन्ने कुरा घोषणा गर्नुभयो। यसले अवस्था अनुसन्धान गर्न र आगामी चरणहरू निर्धारण गर्न स्वास्थ्य विशेषज्ञहरूलाई अनुमति दिनेछ। त्यो सुरुको 24 घण्टाको अवधिमा, NYSDOH को मार्गनिर्देशन अनुसार विद्यालयलाई सफा र स्वच्छ राखिनेछ र त्यसपछि विद्यालय कहिले खोल्ने सम्बन्धी निर्णय गरिनेछ। हामीलाई विद्यालय बन्द गर्नुपर्छ भनिएको अवस्थामा, हामी मिडिया मार्फत, विद्यालयको मेसेन्जर रोबो कल सिस्टमद्वारा तपाईंलाई सूचित गर्नेछौं र हामी अनलाइन र सामाजिक मिडियामा जानकारी पोस्ट गर्नेछौं।

यो हप्ता स्थानीय स्वास्थ्यद्वारा आयोजना गरिएको प्रशिक्षणमा हाम्रो चिकित्सा निर्देशक, स्वास्थ्य सेवाको निर्देशक र विभिन्न विद्यालयका नर्सहरू उपस्थित हुनुभयो। प्रशिक्षणले COVID-19 भएको

छ भनेर सम्भावित रूपमा विद्यार्थी वा कर्मचारी सदस्यलाई पहिचान गरिनुपर्छ भन्ने कुरामा विद्यालयका नर्सहरूको प्रतिक्रिया प्रति केन्द्रित थियो।

तपाईंको बच्चालाई फ्लू जस्ता लक्षणहरू (ज्वरो, खोकी, श्वास फेर्नमा समस्या) भएको छ भने स्वास्थ्य अधिकारीहरूबाट गरिएको सिफारिस कृपया तिनीहरूलाई घरमै राख्नुहोस् भन्ने हो। तपाईंको बच्चालाई भएका यी लक्षणहरू विद्यालयमा विकास भएमा, उनीहरूले मूल्याङ्कन गर्नको लागि विद्यालय परिचारिकालाई दखाउनु उत्कृष्ट हुन्छ र विद्यालय परिचारिकाले त्यसपछि तपाईंलाई सम्पर्क गर्नुहुनेछ।

SCSD शिक्षण र अध्ययन विभागले हामीलाई कुनै पनि समयावधिमा भवन बन्द गर्नुपर्ने अवस्थामा विद्यार्थीहरूका लागि एकसाथ शैक्षिक जानकारी राख्ने कार्यमा काम गरिरहेको छ। हामी घरमा हुँदा विद्यार्थी र परिवारहरूलाई सबै विषयका क्षेत्रहरूमा अध्ययन गर्न जारी राख्नको लागि शैक्षिक क्रियाकलापहरू उपलब्ध गराउन चाहन्छौं। क्रियाकलापहरू तपाईंको बालबालिका विद्यालयमा प्रत्येक दिन सहभागी हुनुहुन्छ भन्ने जान्ने सम्बन्धी विस्तारणहरू हुन्। तिनीहरूलाई ग्रेड स्तर र विषय क्षेत्रद्वारा संयोजित गरिनेछ। हामीहरूले इन्टरनेटमा पहुँचको साथमा विद्यार्थी र परिवारहरूको लागि केही अनलाइन अध्ययन विकल्पहरू उपलब्ध गराउन कार्य गरिरहेका छौं। यी शैक्षिक क्रियाकलाप र अनलाइन अध्ययन विकल्पहरूलाई हाम्रो वेबसाइ, www.syracusecityschools.com/coronavirus मा पोस्ट गरिनेछ।

तपाईंसँग विशेष शिक्षा विभाग मार्फत सेवाहरू प्राप्त गरिरहनुभएको बच्चा हुनुहुन्छ भने र यसले गर्दा हामीले विद्यालय बन्द गर्नुपर्ने तपाईंको बच्चाको प्रगतिमा हुन सक्ने सम्भावित प्रभाव भएमा, उनीहरूले कुनै पनि छुटेका सेवाहरू जाँच गर्न तपाईंको बच्चाको अर्को विशेष शिक्षा समिति (Committee on Special Education, CSE) बैठक उपयोग गर्नेछन्। सुस्त मनस्थितिमा हुनुभएका व्यक्ति अधिकतम जोखिममा हुनुहुन्छ भनी हामीलाई थाहा भएअनुसार चिकित्सकीय रूपमा कमजोर विद्यार्थीहरूसँग हाम्रा कक्षाकोठाहरूलाई रात्रीकालीन रूपमा सफा गरिन्छ र एकदमै ध्यानपूर्वक निरीक्षण गरिन्छ।

यो हप्ता पहिले, हामीले तपाईंलाई विद्यालय वर्षको सुरुवातदेखि यो परिवर्तन भएको बारे थाहा छ भने तपाईंले आफ्नो सम्पर्क जानकारीलाई अद्यावधिक गर्नुहुन्छ भनी सोधेर गृह जानकारी पठायौं। तपाईंको बच्चाको स्कूलसँग फाइलमा एकदमै नवीनतम आपतकालीन सम्पर्क जानकारी हुन महत्त्वपूर्ण हुन्छ।

डिस्ट्रिक्टले कर्मचारी र खेलकूद र शैक्षिक प्रतिस्पर्धाहरूको लागि विद्यार्थी र कर्मचारी यात्रा सहित पेशागत विकास निरीक्षण गर्दैछ। हामीले प्रत्येक अवस्थामा सबै कुराहरूमा हेरेर NYSDOH बाट दिशा र निर्देशन पालना गरिरहेका छौं। हामी तपाईंले यात्रा रद्द गर्नुपर्छ भन्ने कुरा सूचित गर्नेछौं। हामी सबै भवन अनुमति र हाम्रा सुविधाहरूको सार्वजनिक प्रयोग पनि समीक्षा गर्दैछौं।

कृपया कोरोना भाइरस संक्रमित व्यक्तिद्वारा खोकी र हाच्छिउँबाट दूषित हावाका छिटाहरूबाट व्यक्तिदेखि व्यक्तिसम्म सम्पर्क मार्फत फैलने ठानिएको छ भन्ने कुरा सम्झनुहोस्। स्वस्थ रहनको लागि राम्रोसँग हात धुन र स्वच्छता सावधानीहरू अपनाउन महत्त्वपूर्ण हुन्छ। अन्य भाइरसहरूको फैलाव नियन्त्रण गर्नुका साथै, हामी तपाईंलाई आफ्नो बच्चासँग निम्न रोकथाम तरिकाहरू बारे कुरा गर्न प्रेरित गर्छौं।

- विशेषगरी, शौचालय प्रयोग गरेपछि र खाना तयार गर्नुअघि र खानुअघि आफ्ना हातहरूलाई नियमित रूपमा धुनुहोस्। साबुन र तातो पानी प्रयोग गरी 20 सेकण्डसम्म धुनुहोस्। आफ्ना औंलाका टुप्पाहरू र आफ्ना हातहरूको माथिल्लो भागलाई पनि धुन सुनिश्चित गर्नुहोस्।
- आफ्ना हातहरू वा खुला वातावरणमा नखोक्नुहोस् वा हाच्छिउँ नगर्नुहोस्। सधैँ टिस्युमा खोकेपछि वा हाच्छिउँ गरेपछि टिस्युलाई टाढा फाल्ने प्रयास गर्नुहोस्। तपाईंसँग टिस्यु छैन भने, आफ्नो पाखुराको मुनी खोक्नुहोस्/हाच्छिउँ गर्नुहोस्।
- तपाईंले सकेसम्म आफ्ना आँखाहरू, मुख र नाकलाई नछुनुहोस्।

तपाईंसँग कुनै पनि प्रश्न वा सरोकार छ भने कृपया थप जानकारीका लागि हाम्रो वेबसाइटमा जानुहोस् वा हाम्रो स्वास्थ्य सेवा विभागलाई 315-435-4145 वा healthservices@scsd.us मा सम्पर्क गर्नुहोस्।

भवदीय,

Jaime Alicea
विद्यालयको सुपरिवेक्षक